# पाणिनी गाउँपालिका
## Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Letter No.: ०८२/०८३
चलानी नं. / Ref. No.: –

पाणिनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गाफाँट, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

मिति / Date: २०८२/१२/११

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

**श्री जो जससँग सम्बन्धित छ ।**

अर्घाखाँची जिल्ला पाणिनी गाउँपालिका वडा नं-२, अन्तर्गत **श्री हरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालयमा** रिक्त रहेको **निम्न माध्यमिक तह संस्कृत व्याकरण विषयको शिक्षक** पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको **च.नं. ११७, मिति २०८२/१२/१०** को पत्रबाट अनुरोध भइ आएकाले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले **पन्ध्र दिनभित्र** शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतीसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्चः**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगानाः- hariharhss@gmail.com मार्फत् पनि निवेदन पेस गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिएबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाई, सन्धिखर्क, अर्घाखाँची ।
श्री हरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालय, पाणिनी-२, अर्घाखाँची ।
श्री सूचना प्रविधि शाखा, गाउँपालिकाको website मा सूचना upload गरिदिनुहुन ।

सुवर्ण खनाल

**सुवर्ण खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**